# उच्च सरकारी वकील कार्यालय

जुम्ला

(प्रशासन शाखा)

श्री उच्च सरकारी वकील कार्यालय जुम्ला २०७३

visit Nepal 2020 Lifetime Experience

पत्र संख्या:०७६/०७७

चलानी नं. ३२६९

मिति: २०७६/०८/३०

विषय: समन्वय समितिको वैठकको निर्णयको प्रतिलिपी पठाएको ।

श्री महान्यायाधिवक्ताको कार्यालय,
सिंहदरबार, काठमाडौं ।

उपर्युक्त सम्बन्धमा यस कार्यालयको समन्वय समितिको पहिलो वैठक मिति २०७६/०८/३० गते सम्पन्न भएकोले निर्णयको प्रतिलिपी पाना चार संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

(पुण्यप्रसाद पाठक)
नि. सहन्यायाधिवक्ता

वोधार्थ:
१) श्री जिल्ला प्रशासन कार्यालय, जुम्ला
२) श्री संघीय प्रहरी इकाई कार्यालय, सुर्खेत
३) श्री जिल्ला प्रहरी कार्यालय, जुम्ला

फोन नं: ०८७-५२००१०

ईमेल: hgao.jumla@ag.gov.np, appelateattorneyjumla@gmail.com

श्री उच्च सरकारी वकील कार्यालय जुम्ला २०७३

## बैठक नं १

मितिः २०७५/०५/०६ गते महान्यायाधिवक्ताको कार्यालय, काठमाडौंमा बसेको समन्वय समितिको बैठकले उच्च सरकारी वकील कार्यालय तहमा समन्वय समितिको स्थापना गरी अनुसन्धान, अभियोजन र प्रतिरक्षालाई सुदृढ र प्रभावकारी बनाउने प्रयोजनार्थ समन्वय समिति गठन भएकोमा उक्त समितिको बैठक २०७६/०८/३० गते सोमबार, उच्च सरकारी वकील कार्यालय, जुम्लामा बसी देहाय बमोजिम निर्णय भयो ।

उपस्थिति

श्री पुण्यप्रसाद पाठक, निमित्त सहन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, जुम्ला : संयोजक

श्री देवेन्द्रप्रसाद श्रेष्ठ, निमित्त प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, जुम्लाः सदस्य

श्री लालबहादुर धामी, प्रहरी नायव उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, जुम्लाः सदस्य

(प्रतिनिधि, श्री संघीय प्रहरी इकाई कार्यालय, सुर्खेत)

श्री नगेन्द्र लम्साल, शाखा अधिकृत, उच्च सरकारी वकील कार्यालय, जुम्ला, सदस्य सचिव

**छलफलका विषयहरू**

१) नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको मितिः २०७६ पुस ४, ५ र ६ गते काठमाडौंमा हुने दोस्रो राष्ट्रिय सम्मेलनमा छलफल गर्नुपर्ने तथा घोषणापत्रमा समावेश गर्नुपर्ने विषयका सम्बन्धमा ।

**निर्णयहरूः**

१) बुंदा नं १ का सम्बन्धमा छलफल गर्दा नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलनमा छलफल गर्नुपर्ने तथा घोषणापत्रमा समावेश गर्नुपर्ने निम्न विषयहरूमा सम्मेलन आयोजक समितिलाई सुझाव दिने निर्णय गरियोः

(१.१) मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १८४ मा रहेको अनुसन्धान अधिकारी समक्ष भएको बयान, कागज वा लिखतलाई श्रव्य दृश्यका साधनमा अभिलेख गर्न सकिने सम्बन्धी व्यवस्था कार्यान्वयनमा नआएकाले यसको कार्यान्वयनका लागि अनुसन्धान गर्ने निकायलाई भौतिक र मानवीय साधन स्रोत सम्पन्न बनाएर कार्यान्वयन शुरू भएमा अदालतमा प्रतिकुल बकपत्र गर्ने कार्यको रोकथाममा मद्दत पुग्ने भएकाले जाहेरवाला, पिडित र घटनाका प्रत्यक्षदर्शी साक्षीहरूलाई दबाव र प्रभावमा परी प्रतिकुल वकपत्र गर्ने कार्यबाट रोकी दण्डहिनता अन्त्यका लागि जाहेरवाला, पिडित र साक्षीलाई

प्रतिकुल बकपत्र गर्न रोक्न र साक्षीको सुरक्षाका विषयमा सम्मेलनमा छलफल भई घोषणा पत्रमा सो कुरालाई समावेश गर्न उपर्युक्त हुने ।

(१.२) साइबर अपराध बढ्दै गएकाले काठमाडौं उपत्यकामा मात्र सिमित साइबर अपराधको अनुसन्धान गर्ने प्रहरी एकाई प्रत्येक प्रदेशमा खडा गर्नुपर्ने । साइबर अपराधको रोकथाम, प्रभावकारी अनुसन्धान र अभियोजन विषयमा सम्मेलनमा छलफल गर्नुपर्ने । साईबर अपराध मुद्दा हाल काठमाडौं जिल्ला अदालतमा मात्र दायर भइरहेकाले कम्तिमा प्रत्येक प्रदेशको उच्च अदालतबाट हेर्ने कानुनी ब्यवस्था हुन उपर्युक्त हुने । यस वाहेक दुरसञ्चार सम्बन्धी अपराधमा दक्ष अनुसन्धान गर्ने जनशक्ति र अभियोजन गर्ने जनशक्तिको विकास गर्नुपर्ने ।

(१.३) अपराध पीडितको हकको सुनिश्चतता, सामाजिक पुर्नस्थापना, सुरक्षा, क्षतिपुर्ती र सम्मानजनक व्यवहार दिलाउनमा सरकारी वकील र प्रहरीको समन्वय र भूमिकाको विषयमा सम्मेलनमा छलफल भई घोषणा पत्रमा त्यसलाई समेटनु पर्ने ।

(१.४) अपराध अनुसन्धान र अभियोजन गर्ने पद्दति र प्रकृयालाई समयानुकूल परिवर्तन गर्न अनुसन्धान गर्ने प्रत्येक युनिटमा कम्तिमा एक जना सूचना प्रविधि विज्ञ, फोटो र भिडियो खिच्ने विज्ञ, फरेन्सिक ज्ञान भएको अनुसन्धान अधिकृतहरू राख्नुपर्ने । अनुसन्धान अधिकृत र सहयोगी प्रहरी कर्मचारीहरूलाई नयाँ नयाँ अपराधका प्रवृत्तिहरू बारे क्षमता अभिवृद्धि गर्नुपर्ने । अपराध अनुसन्धानमा संलग्न प्रहरी कर्मचारीलाई अपराध अनुसन्धानकै कार्यमा संलग्न गराइराख्नुपर्ने । अनुसन्धान गर्ने प्रत्येक यु।नेटमा भौतिक सवुत संकलन गर्दा Elementary Screening Test (KIT) उपलब्ध गराई Physical Evidence Collection कार्यलाई भरपर्दो र सबुतमुखी बनाउन आवश्यक देखिन्छ । यस विषयलाई सम्मेलनमा छलफल गरी घोषणा पत्रमा समावेश गर्नुपर्ने ।

(१.५) अभियोजन गर्ने सरकारी वकीलको समेत विषयगत क्षमता अभिवृद्धिसँगै अनुसन्धानलाई निर्देशित गर्न सक्ने क्षमता अभिवृद्धि गर्नुपर्ने । अनुसन्धानकर्ता र अभियोजनकर्तालाई पर्याप्त भौतिक साधनस्रोतको उपलब्धतासँगै व्यवसायिक क्षमता अभिवृद्धिसँगै उत्प्रेरित गर्नुपर्ने । अनुसन्धानकर्ता र अभियोजनकर्ताको स्वदेश र बिदेशमा संयुक्त रूपमा विषयगत रूपमा अपराधको प्रभावकारी अनुसन्धान र अभियोजनका लागि विषयगत तालिमको व्यवस्था हुनुपर्ने । तालिमको प्रभावकारीता र क्षमता अभिवृद्धिका सम्बन्धमा तालिम पश्चात पृष्ठपोषणको व्यवस्था हुनुपर्ने । यस सम्बन्धी विषयलाई सम्मेलनको घोषणा पत्रमा समावेश गर्नुपर्ने ।

(१.६) अपराध अनुसन्धान र अभियोजनलाई निर्देशित गर्न महान्यायाधिवक्ताको कार्यालयमा सहन्यायाधिवक्ताको नेतृत्वमा प्रहरी नायव महानिरीक्षक सहितको सरकारी वकील र प्रहरी अधिकृत सहितको टोलीको ब्यवस्था महान्यायाधिवक्ताको कार्यालयमा हुनुपर्ने सम्बन्धी विषय घोषणा पत्रमा समावेश गर्ने । प्रत्येक प्रदेशको एउटा उच्च सरकारी वकील

कार्यालयमा समेत सहन्यायाधिवक्ताको नेतृत्वमा प्रहरी वरिष्ठ उपरीक्षक सहितको टोलीले अभियोजन र अनुसन्धानमा समन्वयको ब्यवस्था गर्ने ।

(१.७) मुद्दाको असफलताको कारण, अपराधका प्रवृत्तिहरूको विषयमा र नेपालको संविधानको धारा १५९ वार्षिक प्रतिवेदनको को उपधारा (२) मा महान्यायाधिवक्ताले नेपाल सरकार वादी भई चल्ने मुद्दामा भविष्यमा गरिनुपर्ने सुधार तथा अपराधका प्रवृत्ति सम्बन्धी विवरण महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदनमा उल्लेख गर्नुपर्नेछ भनी उल्लेख भएकाले महान्यायाधिवक्ताको कार्यालयमा स्थापना भएको अपराध शास्त्रीय अनुसन्धान केन्द्रलाई प्रभावकारी बनाई उक्त केन्द्रको शाखा प्रत्येक उच्च सरकारी वकील कार्यालय तहमा स्थापना गरी अनुसन्धान गर्ने निकाय प्रहरी लगायत अन्य अनुसन्धान गर्ने निकायको सहयोगमा दण्डहिनताको अन्त्यका लागि अपराधको प्रवृत्ति अध्ययन गर्ने कार्यलाई प्रभावकारी बनाउनुपर्छ । अपराधशास्त्रीय अनुसन्धान केन्द्र र उच्च सरकारी वकील कार्यालय तहमा स्थापना हुने शाखाहरूमा हुने सरकारी वकील, अनुसन्धान गर्ने विभिन्न निकायबाट हुने प्रतिनिधित्व र अन्य अनुसन्धानमा सहयोग गर्ने निकाय सम्बन्धी ब्यवस्थाको बारेमा घोषणा पत्रमा समावेश गर्नुपर्ने ।

(१.८) महान्यायाधिवक्ताको कार्यालयको अभियोजन प्रशिक्षण केन्द्रलाई सरकारी वकील, अनुसन्धान गर्ने निकायहरूका लागि अनुसन्धान सम्बन्धी विभिन्न विषयगत तालिम, अभियोजनकर्ता र अनुसन्धान गर्ने प्रहरी लगायतका निकायलाई दक्ष जनशक्ती उत्पादन गर्ने निकायको रूपमा विकास गर्ने विषयलाई घोषणा पत्रमा समावेश गर्नुपर्ने ।

(१.९) अनुसन्धानलाई वस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित बनाउन प्रत्येक प्रदेश र महान्यायाधिवक्ताको कार्यालयमा समेत विधि विज्ञान प्रयोगशालाको निर्माण गरी दक्ष जनशक्ति व्यवस्थापन गर्नुपर्ने विषयलाई घोषणा पत्रमा समावेश गर्नुपर्ने ।

(१.१०) सरकारी वकील र प्रहरी अधिकृतहरूबीच व्यवसायिक सम्बन्ध, अनुभव र ज्ञानको आदान प्रदान, मुद्दाको सफलता र असफलताको मन्थन, दिगो र प्रभावकारी समन्वय र वस्तुनिष्ट अभियोजन र अनुसन्धानको लागि मासिक रूपमा नियमित अभियोजनकर्ता र अनुसन्धान अधिकृतबीच बैठक गर्ने कार्यलाई निरन्तरता दिई बैठकको माईन्युट माथिल्लो प्रहरी कार्यालय र सरकारी वकील कार्यालयमा पठाउने ब्यवस्था गर्ने । कम्तिमा एक पटक वर्षमा संयुक्त रूपमा माथिल्लो प्रहरी कार्यालय र सरकारी वकील कार्यालयबाट अभियोजनकर्ता र अनुसन्धान अधिकृतहरूको समन्वय कार्यको अनुगमन गरी सुझाव र निर्देशन दिने विषय घोषणा पत्रमा समावेश गर्नुपर्ने ।

(१.११) नेपाल सरकारवादी हुने मुद्दाको अभियोजन सम्बन्धी सम्पूर्ण अधिकार सरकारी वकीलमा निहित हुनुपर्ने र नेपाल सरकारवादी हुने मुद्दाको अनुसन्धान सम्बन्धी सम्पूर्ण अधिकार प्रहरी अनुसन्धान गर्ने ब्यवसायिक संस्था भएकाले प्रहरीको क्षमता अभिवृद्धि गरी प्रहरीमा निहित हुनुपर्ने ब्यवस्थालाई सम्मेलनको घोषण।पत्रमा समावेश गर्नुपर्ने ।

(१.१२) मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १२ मा रहेको अनुसन्धान गर्न विशेष टोली गठन गर्न सकिने व्यवस्थालाई कार्यान्वयनमा ल्याउने विषयलाई सम्मेलनमा छलफल गरी घोषणापत्रमा समावेश गर्नुपर्ने ।

(१.१३) वि.सं. २०७३ माघ १४, १५ र १६ गते काठमाडौंमा सम्पन्न नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको प्रथम राष्ट्रिय सम्मेलनबाट पारित घोषणापत्रमा उल्लेखित विषयहरूलाई निरन्तरता दिने ।